नारायण सापकोटाले बताए। अदालतमा दुई वर्षभन्दा पुराना मुद्दा छैनन्। भूकम्पबाट भवन पूर्ण क्षति भएकाले अदालतको सेवा टेन्टमा सरेको छ।

### बालअधिकार

यस वर्ष जाजरकोट जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई जना र बलात्कारका घटनामा पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

### शिक्षाको अवस्था

जिल्लामा २ सय ६३ प्रावि, ८१ निमावि, ७६ मावि र उच्च मावि २१ रहेका छन्। विद्यालयमा ७५ हजार ८ सय ५५ बालबालिका अध्ययनरत छन्। भूकम्पले २ सय ८९ विद्यालय पूर्ण क्षति भए। ५ सय ९८ आंशिक र १ हजार ५ सय ९९ कक्षाकोठामा क्षति पुगेको छ। सामुदायिक विद्यालयमा शिक्षण शुल्क पूर्ण नि:शुल्क छ। तर, विद्यालयले अनेक बहानामा शुल्क उठाउँदै आएको शिवशंकर माध्यमिक विद्यालयका अभिभावक भरतप्रसाद शर्माले बताए।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै नौ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा खान/लाउन नदिएको दुई ओटा र सामान्य घरायसी झगडाका सात ओटा छन्। यीमध्ये केन्द्रले सात उजुरीमा मेलमिलाप गरायो भने दुई उजुरी कानुनी प्रक्रिया अघि बढेको केन्द्रका माधव विश्वकर्माले बताए।

यो वर्ष जाजरकोट जिल्लामा बलात्कारका घटनामा चार र घरेलु हिंसाका घटनामा १२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

### हत्या

छेडागाड नपा-९ की ७३ वर्षीया बिर्मी बस्नेतलाई २०८० मङ्सिर १ गते राति सोही ठाउँका ४५ वर्षीय पूर्णबहादुर सार्कीले मदिरा माग्दा छैन भनेपछि हसिया प्रहार गरी घाइते बनाए। टाउकोमा गम्भीर चोट लागेकी घाइतेको उपचारको क्रममा सुर्खेतस्थित कर्णाली प्रदेश अस्पतालमा मङ्सिर ७ गते मृत्यु भयो। आरोपितलाई प्रहरीले मङ्सिर २ गते गिरफ्तार गर्‍यो। शवको पोष्टमार्टम मङ्सिर ८ गते कर्णाली प्रदेश अस्पतालमा भयो। अदालतको आदेश अनुसार आरोपित पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

**तालिका ५.६.७.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कुटपिट | | ४ | ४ | २ | ६ | ८ |
| अमानवीय व्यवहार | | | | | १ | १ |
| हत्या | | | | २ | २ | ४ |
| धम्की | | १ | १ | | | |
| बाल अधिकार | बलात्कार | | | ५ | | ५ |
| | यौन दुर्व्यवहार | | | २ | | २ |
| | जम्मा | | | ७ | | ७ |
| महिला अधिकार | घरेलु हिंसा | | | १२ | | १२ |
| | बलात्कार | | | ४ | | ४ |
| | जम्मा | | | १६ | | १६ |
| **कूल जम्मा** | | ५ | ५ | २७ | ९ | ३६ |

(स्रोत : इन्सेक, २०२३)

### स्वास्थ्य सेवाको अवस्था

जाजरकोट जिल्लामा एक अस्पताल, तीन ओटा प्राथमिक स्वास्थ्य केन्द्र र ३० ओटा स्वास्थ्य चौकी रहेका छन्। ९८ प्रकारका औषधी नि:शुल्क पाउने सरकारी नीति भए पनि स्वास्थ्य संस्थामा नि:शुल्क पाइने औषधीको सङ्ख्या ७५ मात्र रहेको छ। सदरमुकामको खलङ्गामा रहेको जिल्ला अस्पताल सुविधा सम्पन्न छैन। गम्भीर प्रकारका बिरामीलाई सुविधा सम्पन्न ठाउँमा पठाउने कार्यमात्रै हुने गरेको छ। स्वास्थ्य बीमाको प्रभावकारी कार्यान्वयन नहुँदा यसको प्रभावकारिता कमजोर हुँदै गएको छ। स्वास्थ्य बीमा लिन अपनाउनुपर्ने झन्झटिलो प्रकृयाका कारण यसप्रति सेवाग्राहीको चासो बढेको पाइँदैन।

**तालिका ५.६.७.२** सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बलात्कार | १ | ४ | ५ |
| यौन दुर्व्यवहार | | २ | २ |
| जम्मा | १ | ६ | ७ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मेलमिलाप** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | ३ | १ | ८ | १२ |
| बलात्कार | | | ४ | ४ |
| जम्मा | ३ | १ | १२ | १६ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | १ | ३ | ४ |

(स्रोत : इन्सेक, २०२३)

# ५.६.८ रूकुम पश्चिम




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,६६,७४० |
| महिला | ८५,६४९ |
| घर परिवार सङ्ख्या | ३७,२९० |
| घरजग्गामा महिलाको स्वामित्व | ५,५८७ |
| साक्षरता प्रतिशत | ७५.७४ |
| आश्रित जनसङ्ख्या | ८७,३४६ |
| अपाङ्गता भएका | ४,२१६ |

०८० कात्तिक १७ गते राति ११.४७ बजे जाजरकोट जिल्लाको बारेकोट गाउँपालिका-१ को रामिडाडा नजिक केन्द्रबिन्दु बनाई गएको ६.४ रेक्टरको भूकम्पमा परी रुकुम पश्चिममा ५३ जनाको मृत्यु र ४ सय ७ जना घाइते भए। भूकम्पका कारण जिल्लामा २ हजार १ सय ३६ घर पूर्ण, २ हजार ६ सय ४२ घर आंशिक र ४ हजार ६ सय ७० सामान्य क्षति भएको रुकुम पश्चिम जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी वीरेन्द्र विष्टले बताए। घर पूर्ण तथा आंशिक क्षति भएका परिवार घर बाहिर बस्नु पर्दा चिसोका कारण यस वर्षको अन्त्यसम्म आठ जनाको मृत्यु भयो। भूकम्पबाट २ अर्बभन्दा बढीको क्षति भएको जिल्ला प्रशासन कार्यालयले जनायो। भूकम्पबाट १५ ओटा विद्यालय भवनमा पूर्ण रूपमा क्षति पुगेको र २० ओटा विद्यालयमा आंशिक क्षति पुगेको जिल्ला शिक्षा समन्वय एकाइ प्रमुख तारा पुनले बताए। सङ्घीय सरकारले निर्णय गरे बमोजिम प्रत्येक मृतकका घरपरिवारलाई १ लाख रुपियाँ र एकै घरबाट एक जना भन्दा बढी मृत्यु भएकाको हकमा एक जनाको २ लाख र बाँकीको प्रति मृतक १ लाख रुपियाँ थपेर राहत वितरण गरिएको जिल्ला प्रशासन कार्यालयले जनायो।

भूकम्प प्रभावित चौरजहारी नगरपालिका, आठबिसकोट नगरपालिका, मुसिकोट नगरपालिका, सानीभेरी गाउँपालिका, त्रिवेणी गाउँपालिका र बाफिँकोट गाउँपालिकामा अस्थायी आवास ७ हजार ७९ ओटा निर्माण भइसकेका छन् भने ९ हजार ३ सय ४१ ओटा निर्माण प्रकृयामा रहेको छ।

यस वर्ष रुकुम पश्चिम जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक पुरुष तथा ज्यादतीका घटनामा २२ जना महिला र ६ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा चार जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १४ जना महिला पीडित भए।

### विगतको अनुगमन

चौरजहारी नगरपालिका-८ सोती गाउँमा ०७७ जेठ १० गते अन्तरजातीय विवाहको विषयलाई लिएर ६ जनाको हत्या घटनामा संलग्न भएको भन्दै ०८० मङ्सिर १९ गते जिल्ला अदालतका न्यायाधीश खड्कबहादुर केसीको एकल इजलासले मुद्दा दर्ता भएका ३४ मध्ये २४ जनालाई जन्मकैदको फैसला सुनायो। घटनालगत्तै इन्सेकले स्थलगत अध्ययन गरेको थियो। अध्ययन प्रतिवेदनमा ०७७ जेठ १० गते साँझ साढे ६ बजेको समयमा सोतीका स्थानीयहरूले भेरी नगरपालिका-४ रानागाउँ निवासी २१ वर्षीय नवराज विक, चौरजहारी नपा-१ का २० वर्षीय टिकाराम सुनार, भेरी नगरपालिका-४ निवासी २१ वर्षीय सन्जु विक, भेरी नगरपालिका-४ रानागाउँ निवासी १७ वर्षीय

**तालिका ५.६.८.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कुटपिट | | १ | १ | १ | ३ | ४ |
| घाइते | | | | १ | | १ |
| हत्या | | | | २ | ३ | ५ |
| बाल अधिकार | विद्यालयमा शारीरिक सजाय | | | १ | | १ |
| | बलात्कार | | | ३ | | ३ |
| | जम्मा | | | ४ | | ४ |
| महिला अधिकार | घरेलु हिंसा | | | ८ | | ८ |
| | बलात्कार | | | ६ | | ६ |
| | जम्मा | | | १४ | | १४ |
| **कूल जम्मा** | | १ | १ | २२ | ६ | २८ |

(स्रोत : इन्सेक, २०२३)

गणेश विएम, भेरी नगरपालिका-११ का १८ वर्षीय लोकेन्द्र सुनार र गोविन्द शाहीको सामूहिक हत्या गरेको उल्लेख छ। प्रतिवेदनमा उक्त घटना पूर्वयोजना अनुसार भएको देखिएको इन्सेकले सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ।

## कारागार र बन्दी

२५ जनाको क्षमता भएको कारागारमा कैद तोकिएका ९४ जना कैदी र कैद नतोकिएका ५३ जना थुनुवा गरी १ सय ४७ जना छन्। जसमा महिला ६ जना रहेका छन्। कारागारमा २/२ वर्षीय दुई बालक र तीन जना ज्येष्ठ नागरिक छन्। क्षमताभन्दा ६ गुणा बढी कैदी/बन्दी भएकाले पालो मिलाएर सुत्नुपर्ने, शौचालय प्रयोगका लागि लामो समय कुर्नुपर्ने अवस्था रहेको छ। स्वास्थ्य परीक्षणका लागि एक जना जनस्वास्थ्य निरीक्षकको दरबन्दी रहेको छ।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यस वर्ष ०८० पुस १६ गतेसम्म देवानीतर्फ ४ सय १ मध्ये ३ सय १ फैसला भए भने फौजदारीतर्फ २ सय मध्ये १ सय ३३ फैसला भए। दुई वर्षभन्दा पुराना मुद्दा फौजदारी एक थान रहेको जिल्ला अदालतका स्रेस्तेदार मन्दिरा शाहीले बताइन्।

## बाल अधिकार

यस वर्ष रुकुम पश्चिम जिल्लामा विद्यालयमा शारीरिक दण्ड सजायको घटनामा एक जना र बलात्कारका घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

## शिक्षाको अवस्था

यस वर्ष २८ हजार ८ सय ४२ बालक र २८ हजार ३ सय ६ बालिका विद्यालय भर्ना भए। जसमा ६ हजार ९ सय ७ दलित बालक र ६ हजार ६ सय ७४ दलित बालिका छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय चार ओटा छन्। यस वर्ष भूकम्पले १५ ओटा विद्यालय भवनमा पूर्ण रूपमा क्षति पुगेको र २० विद्यालयमा आंशिक क्षति पुग्यो।

## महिलाविरुद्धको हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै ६० जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका ३२, खान/लाउन नदिएको आठ, विवाह दर्ता र नागरिकता नबनाएको पाँच, अर्की पत्नी ल्याएर हेला गरेको दुई र सामान्य घरायसी झगडाका १३ उजुरी छन्। यीमध्ये केन्द्रले ५३ उजुरीमा मेलमिलाप गरायो भने सात उजुरी कानुनी प्रक्रिया अघि बढेको केन्द्रकी सहायक हवल्दार कल्पना घर्तीले बताइन्।

यो वर्ष रुकुम पश्चिम जिल्लामा बलात्कारका घटनामा ६ र घरेलु हिंसाका घटनामा आठ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, एक प्राथमिक स्वास्थ्य केन्द्र र २४ स्वास्थ्य चौकी रहेका छन्। ९८ प्रकारका औषधी निशुल्क पाउने सरकारी नीति अनुसार स्वास्थ्य संस्थामा नि:शुल्क पाइने गरेको छ। जिल्लामा यस वर्ष १ हजार १ सय ९२ जनाले बीमा गराए भने गत वर्ष ४ हजार ३ सय ९२ जनाले बीमा गराएर स्वास्थ्य सेवा लिएका थिए।

**तालिका ५.६.८.२** सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ |
| बलात्कार | १ | २ | ३ |
| जम्मा | १ | ३ | ४ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | ५ | ३ | ८ |
| बलात्कार | | ६ | ६ |
| जम्मा | ५ | ९ | १४ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| **घटनाको प्रकार** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | ५ | ५ |

(स्रोत : इन्सेक, २०२३)

# ५.६.९ सल्यान




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,३८,५१५ |
| महिला | १,२३,५३३ |
| घर परिवार सङ्ख्या | ५४,६७२ |
| घरजग्गामा महिलाको स्वामित्व | ८,६४३ |
| साक्षरता प्रतिशत | ७७.३० |
| आश्रित जनसङ्ख्या | १,२२,०५२ |
| अपाङ्गता भएका | ६,८७२ |

२०८० कात्तिक १७ गते राति जाजरकोट केन्द्रबिन्दु भई आएको भूकम्पका कारण सल्यानमा तीन जनाको मृत्यु भयो। दार्मा गाउँपालिका सँगै कुमाख गाउँपालिका र बागचौर नगरपालिका बढी प्रभावित भए। भूकम्पका कारण जिल्लामा १ हजार ७ सय ४३ घरमा पूर्ण क्षति भएको सहायक प्रमुख जिल्ला अधिकारी थमन खड्काले बताए। जिल्लामा २ हजार ९ सय ५ घरमा आंशिक र २ हजार ४ सय ३२ घरमा सामान्य क्षति भयो।

यस वर्ष सल्यान जिल्लामा ज्यादतीका घटनामा ८४ जना महिला र ६ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६४ जना महिला पीडित भए।

### कारागार र बन्दी

२० जना पुरुष र पाँच जना महिलाको क्षमता भएको जिल्ला कारागारमा ८२ कैदी र ६२ थुनुवा गरी १ सय ४४ जना छन्। जसमा १३ जना महिला छन्। कारागारमा तीन वर्षीया आश्रित बालिका एक र सात जना ज्येष्ठ नागरिक छन्। क्षमता भन्दा ६ गुणा कैदीबन्दी भएकाले पालो मिलाएर सुत्नुपर्ने, शौचालय प्रयोगका लागि लामो समय कुर्नुपर्ने, कोलियामा नै सुत्नुपर्ने अवस्था रहेको जेलर भीमबहादुर घर्तीले बताए। कारागारमा एकजना स्वास्थ्यकर्मीको दरबन्दी रहेको छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। जिल्ला अदालतमा यसवर्ष ४ सय ७७ मुद्दा दर्ता भए। जसमा देवानीतर्फ ३ सय ४० र फौजदारीतर्फ १ सय ३७ थान रहेका छन्। एक वर्षको अवधिमा जिल्लामा देवानी तर्फका १ सय ८५ थान र फौजदारीतर्फ ५३ गरेर २ सय ३८ थान मुद्दा फैसला भए। दुई वर्षभन्दा पुराना मुद्दा नभएको जिल्ला अदालत सल्यानका स्रेस्तेदार नारायणप्रसाद चापागाईंले बताए।

### बाल अधिकार

यस वर्ष सल्यान जिल्लामा यौन दुर्व्यवहारको घटनामा एक र बलात्कारका घटनामा ६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### शिक्षाको अवस्था

यस वर्ष ३५ हजार ४ सय ४० बालक र ३४ हजार ७ सय २२ बालिका विद्यालयमा भर्ना भए। जिल्लामा आधारभूत ४ सय र माध्यमिक ८९ विद्यालय छन्। जिल्लाका नौ ओटा स्थानीय तहले पञ्चवर्षीय शैक्षिक योजना बनाएका छन् भने १० ओटै स्थानीय तहमा स्थानीय पाठ्यक्रम निर्माण र प्रवोधिकरण गरिएको छ। भूकम्पका कारण जिल्लाका नौ ओटा विद्यालय पूर्ण र २१ ओटा विद्यालय आंशिक क्षति भएको शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख लालबहादुर घर्तीले बताए। भूकम्पले विद्यालयको भवन

क्षति भएका कारण बालबालिकालाई विद्यालय बाहिर अध्ययन अध्यापन गराउने गरिएको छ।

यसवर्ष जिल्लाभर आधारभूत तहमा २७ हजार ५ सय ३ जना विद्यार्थी भर्ना भए। तीमध्ये आधारभूत तह (१-५) मा २.२ प्रतिशत र आधारभूत तह (६-८) मा २.८ प्रतिशत बालबालिकाले बीचैमा कक्षा छोडे।

**हत्या**

बनगाड कुपिण्डे नपा-१० माझकाँडाका ८ वर्षीय भिजन घर्तीको ०७९ माघ १ गते 'आफूलाई देउता चढेको भन्दै' घरनजिकै रहेको मन्दिरमा लगेर धारिलो हतियार प्रहार गरी हत्या गरेको आरोपमा सोही ठाउँका २८ वर्षीय डम्बर पुरीविरुद्ध पीडित पक्षले माघ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश गिरीराज गौतमको चैत २१ गतेको इजलासले आरोपितलाई जन्मकैदको फैसला सुनायो।

**बलात्कार**

१७ वर्षीया बालिकालाई ०७९ कात्तिक ९ गते बलात्कार गरेको भन्दै कुमाख गाउँपालिका-७ का ३३ वर्षीय अमृत सुनारविरुद्ध पीडित पक्षले ०७९ कात्तिक १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस १० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश गिरीराज गौतमको फागुन १७ गतेको इजलासले आरोपितलाई १० वर्ष कैद र ४ लाख रुपियाँ जरिवाना र १ लाख रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो।

**महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार**

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै ३८ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा सेवा केन्द्रमा ३३ जना र शारदा नगरपालिकाको न्यायिक समितिमा पाँच जनाले उजुरी दर्ता गराए। तीमध्ये खान/लाउन नदिएका तीन, कुटपिट तथा शारीरिक र मानसिक यातना दिएका दुई, सामान्य घरायसी झगडाका २५ र छिमेकीबाट गालीगलौज भएका आठ उजुरी छन्। यीमध्ये प्रहरीले ३२ ओटामा मेलमिलाप गरायो भने न्यायिक समितिले पाँच ओटामा मेलमिलाप गरायो। हाल एक ओटा उजुरी कानुनी प्रक्रियामा अघि बढेको केन्द्रका सहायक हवल्दार पदमबहादुर पालले बताए।

**तालिका ५.६.९.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | ६ | १ | ७ |
| घाइते | | | १ | १ |
| हत्या | | ७ | ४ | ११ |
| बाल अधिकार | बलात्कार | ६ | | ६ |
| | यौन दुर्व्यवहार | १ | | १ |
| | जम्मा | ७ | | ७ |
| महिला अधिकार | घरेलु हिंसा | ४६ | | ४६ |
| | 'बोक्सी'को आरोप | १ | | १ |
| | बलात्कार | १६ | | १६ |
| | यौन दुर्व्यवहार | १ | | १ |
| | जम्मा | ६४ | | ६४ |
| **कूल जम्मा** | | ८४ | ६ | ९० |

(स्रोत : इन्सेक, २०२३)

यो वर्ष सल्यान जिल्लामा बलात्कारका घटनामा १६, यौन दुर्व्यवहारका घटनामा एक, बोक्सीको आरोपको घटनामा एक र घरेलु हिंसाका घटनामा ४६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**बलात्कार**

७५ वर्षीया महिलालाई ०८० जेठ २१ गते बलात्कार गरेको आरोपमा कुमाख गाउँपालिका-३ का ७१ वर्षीय बलबीर रावतविरुद्ध पीडित पक्षले जेठ २२ गते जिल्ला प्रहरी कार्यालय, सल्यानमा उजुरी दिए। आरोपितलाई प्रहरीले जेठ २१ गते घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश गिरीराज गौतमको मङ्सिर २७ गतेको इजलासले आरोपितलाई एक वर्ष ९ महिना कैद, ७५ हजार रुपियाँ जरिवाना र ५० हजार क्षतिपूर्ति दिनुपर्ने फैसला सुनायो।

**'बोक्सी'को आरोप**

कुमाख गाउँपालिका- २ स्थित ४० वर्षीया महिलालाई ०७९ फागुन २१ गते बोक्सीको आरोपमा सोही ठाउँका ५८ वर्षीय कालु बुढाले कुटपिट गरे। प्रहरीले आरोपितलाई फागुन २५ गते गिरफ्तार गऱ्यो। जिल्ला न्यायाधीश गिरीराज गौतमको ०८० असार २७ गतेको इजलासले आरोपितलाई २ वर्ष कैद, ७० हजार

जरिवाना र १ लाख ५० हजार रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो।

### स्वास्थ्यको अधिकार

आधारभूत स्वास्थ्य सेवाबाट अझै पनि सल्यान जिल्लाका नागरिक बञ्चित छन्। कुपोषणका कारण बालबालिकाको स्वास्थ्य अवस्था कमजोर छ। बालविवाह तथा प्रजनन् स्वास्थ्यको खराब अवस्थाले किशोरीहरुको स्वास्थ्यमा प्रतिकूल असर परेको छ। सल्यानको खलंगामा रहेको जिल्ला अस्पताल सुविधा सम्पन्न छैन। गम्भीर प्रकारका बिरामीलाई सुविधा सम्पन्न ठाउँमा पठाउने कार्यमात्रै हुने गरेको छ। स्वास्थ्य बीमाको प्रभावकारी कार्यान्वयन नहुँदा यसको प्रभावकारिता कमजोर हुँदै गएको छ। स्वास्थ्य बीमा लिन अपनाउनुपर्ने झन्झटिलो प्रकृयाका कारण यसप्रति सेवाग्राहीको चासो नभएको स्वास्थ्य सेवा कार्यालयका सूचना अधिकारी थलराज डिसीले बताए।

**तालिका ५.६.९.२** सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | २ | ४ | ६ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | २ | ५ | ७ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| घरेलु हिंसा | २ | ३१ | ६ | ७ | ४६ |
| 'बोक्सी'को आरोप | १ | | | | १ |
| बलात्कार | ३ | | ७ | ६ | १६ |
| यौन दुर्व्यवहार | १ | | | | १ |
| जम्मा | ७ | ३१ | १३ | १३ | ६४ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | ३ | ७ | १० |

(स्रोत : इन्सेक, २०२३)

# ५.६.१० सुर्खेत




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ४,१५,१२६ |
| महिला | २,१५,३८६ |
| घर परिवार सङ्ख्या | ९७,८२२ |
| घरजग्गामा महिलाको स्वामित्व | १९,४९७ |
| साक्षरता प्रतिशत | ८२.७१ |
| आश्रित जनसङ्ख्या | २,०५,९९५ |
| अपाङ्गता भएका | १२,२२३ |

यस वर्ष सुर्खेत जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा नौ जना महिला र १८ जना पुरुष तथा ज्यादतीका घटनामा ९३ जना महिला र ११ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १८ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ७४ जना महिला पीडित भए।

### कुटपिट, धम्की

#### राज्यपक्षबाट

हुम्ला जिल्ला ताजाकोट गाउँपालिका-३ का ३२ वर्षीय टिकाबहादुर शाही, सोही गाउँपालिका-४ डल्लाबाँडाका ३७ वर्षीया सुशीला ढकाल र सिमकोटका २१ वर्षीय नितेश खड्का ०८० जेठ १४ गते प्रहरीको लाठी प्रहारबाट घाइते भए। सवारी दुर्घटनाको विरोधमा सडक अवरोध गरेको भनी प्रहरीले लाठी प्रहार गर्दा उनीहरू घाइते भएका थिए। टाउको र खुट्टामा चोट लागेका उनीहरूको कर्णाली प्रदेश अस्पताल, सुर्खेतमा उपचार भयो।

### झडपमा घाइते

वीरेन्द्रनगर नपा-७ कर्णाली प्रदेश सभा अगाडि धर्नामा बसेका दलितका लागि दलित आन्दोलन नेपालका सदस्य र नेपाल प्रहरीबीच ०८० असार १ गते झडप हुँदा जिल्ला प्रहरी कार्यालय, सुर्खेतका एसपी योगेन्द्रसिंह थापा, असई यज्ञ थापा, प्रहरी सहायक हवल्दार बसन्ती गोदार, प्रहरी जवान कर्णबहादुर नेपाली, सरस्वती बोहोरा, रोशनलाल थापा, टोपबहादुर डांगी, कमल रानामगर, चन्द्रबहादुर विक घाइते भए। घाइतेको खुट्टा, टाउको, छाती र आँखामा चोट लागेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता लक्ष्मण बहादुर शाहीले बताए।

झडपमा प्रहरीको लाठी प्रहारबाट दैलेख जिल्ला नारायण नपा-५ का ३३ वर्षीय खगेन्द्र सुनार, दैलेख जिल्ला चामुण्डा विन्द्रासैनी नपा-६ तिलुखानका १८ वर्षीय सोविन्द्र परियार, वीरेन्द्रनगर नपा-९ लाटीकोइलीका २१ वर्षीय धीरज सुनार, दैलेख नौमुले गाउँपालिका-१ का २६ वर्षीय सन्तबहादुर नेपाली, वीरेन्द्रनगर नपा-९ का ४८ वर्षीय हरिबहादुर वादी, वीरेन्द्रनगर नपा-१२ की ३० वर्षीया देवी ओली, वीरेन्द्रनगर नपा- १ धारापानीकी ४२ वर्षीया शान्ती बिसुङ्खे, वीरेन्द्रनगर नपा-५ की ३२ वर्षीया माया बस्याल, सोही नपा-५ चिसापानीकी ३५ वर्षीया भगवती बैगार र भेरीगङ्गा नपा-२ की १९ वर्षीया कमला नेपाली घाइते भए। घाइतेको गोडा र टाउकोमा चोट लागेको थियो। कर्णाली प्रदेश सरकारले दलित मैत्री बजेट नल्याएको भनी प्रदेश सभा नजिक धर्नामा बसेका प्रदर्शनकारीले मुख्यमन्त्री, मन्त्री र सांसदलाई बाहिर निस्कन रोक लगाइ, नाराबाजी गर्दै ढुङ्गा प्रहार गरेपछि दोहोरो झडप भएको थियो। घाइतेहरूको ०८० असार २ गते प्रदेश अस्पताल सुर्खेतमा उपचार भयो।

प्रहरीले घटनामा संलग्न भएको आरोपमा दलितका लागि दलित अभियानका संयोजक खगेन्द्र

**तालिका ५.६.१०.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | | ३ | ३ | | | |
| कुटपिट | | २ | २ | ४ | २ | ७ | ९ |
| हत्या | | | | | | २ | २ |
| जातीय विभेद | | | | | | १ | १ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | | ७ | १३ | २० | | | |
| बाल अधिकार | बाल विवाह | | | | २ | | २ |
| | बेचबिखन तथा ओसारपसार | | | | १ | | १ |
| | विद्यालयमा दिइने शारीरिक सजाय | | | | | १ | १ |
| | बलात्कार | | | | १४ | | १४ |
| | जम्मा | | | | १७ | १ | १८ |
| महिला अधिकार | घरेलु हिंसा | | | | ६२ | | ६२ |
| | बलात्कार | | | | १२ | | १२ |
| | जम्मा | | | | ७४ | | ७४ |
| **कूल जम्मा** | | ९ | १८ | २७ | ९३ | ११ | १०४ |

(स्रोत : इन्सेक, २०२३)

सुनारसहित १० जना नियन्त्रणमा लियो। जिल्ला प्रशासन कार्यालय, सुर्खेतले दलितका लागि दलित अभियानका संयोजक खगेन्द्र सुनार र सुर्खेतका संयोजक माया बस्याललाई २०/२० हजार तथा अन्य आठ जनालाई जनही पाँच हजार रुपियाँ धरौटी बुझाइ रिहा गर्न आदेश दियो। सबै जना असार ११ गते रिहा भए। जिल्ला प्रशासन कार्यालय सुर्खेतले ०८० असोज १५ गते आन्दोलनका प्रमुख सुनारलाई १० हजार रुपैयाँ जरिवाना तोक्यो भने बाँकी अन्यलाई सफाइ दियो।

वीरेन्द्रनगर नपा-७ स्थित कर्णाली प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अगाडि विभिन्न ८४ बुँदे माग राख्दै अनिश्चिकालीन धर्नामा बसेका दलितका लागि दलित आन्दोलन नेपालका अगुवा कार्यकर्ता र प्रहरीबीच ०८० वैशाख ४ गते झडप हुँदा जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा कार्यरत इन्स्पेक्टर मिलन पाण्डे र प्रहरी हवल्दार शान्तबहादुर सिंह घाइते भए। पीडितको टाउको र निधारमा चोट लागेको थियो। उनीहरूको उपचार कर्णाली प्रदेश अस्पताल, सुर्खेतमा भयो।

## कारागार र बन्दी

७० पुरुष र महिला ३० जना बन्दी क्षमता भएको जिल्ला कारागारमा कैद तोकिएका २ सय ३४ पुरुष, २२ जना महिला कैदी र कैद नतोकिएका ९९ पुरुष १३ जना महिला थुनुवा गरी जम्मा ३ सय ६८ जना छन्। जसमा महिला ३५ जना छन्। कारागारमा ५ वर्षमुनिका एक बालक र एक जना आश्रित बालिका, ६ जना ज्येष्ठ नागरिक छन्। क्षमताभन्दा तीन गुणा कैदीबन्दी भएकाले भवनको बरण्डामा समेत सुत्ने गरेका छन्। शौचालयको प्रयोगमा समस्या रहेको छ। पालैपालो गरेर शौचालय जानुपर्ने बाध्यता रहेको छ। आवश्यकता अनुसार प्रदेश अस्पताल, सुर्खेतमा उपचार हुने गरेको जेलर लक्ष्मी खरेलले बताइन्।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

### जिल्ला अदालत

जिल्ला अदालत सुर्खेतमा तीन जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। पाँच वर्ष नाघेका मुद्दा छैनन्। दुई वर्ष नाघेका १७ थान मुद्दा रहेका छन्। २०८० पुस १५ सम्म फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ५ सय ५३ र व्यक्तिवादी फौजदारीतर्फ २ सय ९२ थान र सरकारी फौजदारीतर्फ २ सय ७८ थान मुद्दा रहेको सूचना अधिकारी उज्ज्वल रावलले बताए।

### उच्च अदालत

सात जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत सुर्खेतमा चार जना न्यायाधीश कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ५९ र फौजदारीतर्फ ३ सय ७० थान रहेको उच्च अदालतका सूचना अधिकारी प्रेमप्रकाश थापाले बताए।

## बाल अधिकार

यस वर्ष सुर्खेत जिल्लामा बलात्कारका घटनामा १४ जना बालिका, बेचबिखन तथा ओसारपसारको घटनामा एक, बाल विवाहका घटनामा दुई जना बालिका र विद्यालयमा दिइने शारीरिक सजायका घटनामा एक जना बालक पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

## शिक्षाको अवस्था

सुर्खेत जिल्लालाई २०७२ जेठ २५ गते पूर्ण साक्षर घोषणा गरिएको थियो। सो बेला १५ देखि ६० वर्ष उमेरको साक्षरता दर ९५ प्रतिशत रहेको थियो। सोही आधारमा प्रदेश सरकारले २०८० भदौमा सुर्खेतलाई पूर्ण साक्षर जिल्ला घोषणा गरिसकेको छ। तर, पछिल्लो समय सुर्खेतको जनसङ्ख्या वृद्धि र बढ्दो शहरीकरणका कारण साक्षरता दर केही मात्रामा घटेको पाइन्छ। जिल्लामा ३ सय १ प्रावि, ८३ निमावि, १ सय ८ माध्यमिक विद्यालय रहेका छन्।

## होस्टेलमा मृत्यु

वीरेन्द्रनगर नगरपालिका- ६ को उषा बालवाटिका माध्यमिक विद्यालयको होस्टेलमा ०८० असोज १२ गते राती दैलेख जिल्ला चामुण्डा बिन्द्रासैनी नपा घर भई सोही होस्टेलमा बस्दै आएका आठ वर्षीय बालक झुण्डिएको अवस्थामा फेला परे। बालक कक्षा २ मा अध्ययनरत थिए। मृत्यु शङ्कास्पद भन्दै आफन्तहरूले शव बुझ्न मानेनन्। घटनाको विरोध गर्दै आफन्तले असोज १३ गते दिउँसो विद्यालयमा आगजनी गरे। प्रहरी र आन्दोलनकारीबिचको झडपले विद्यालय परिसर तनावग्रस्त बन्यो। प्रहरीले असोज १३ गते वीरेन्द्रनगर नपा-६ का होस्टेल सञ्चालक ४१ वर्षीय प्रकाश भुषाल र प्रधानाध्यापक ३५ वर्षीय शिशिर भुषाललाई गिरफ्तार गर्‍यो। पीडित पक्षले आरोपित विरुद्ध असोज १३ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दियो। शवको पोष्टमार्टम असोज १४ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। अनुसन्धानबाट आरोपित पक्ष घटनामा संलग्न नरहेको पुष्टि भएपछि सरकारी वकिलको कार्यालयको सहमतिमा जिम्मा जमानीमा उनीहरू रिहा भए।

## बलात्कार

१६ वर्षीया बालिकालाई ०७९ चैत ६ गते बलात्कार गरेको आरोपमा वीरेन्द्रनगर नपा-१ चनावारीका २४ वर्षीया रेशम विकविरुद्ध पीडितले ०७९ चैत १२ गते जिल्ला अदालत सुर्खेतमा मुद्दा दायर गरिन्। ०८० कात्तिक १९ मा आरोपितलाई जिल्ला अदालत सुर्खेतले पाँच वर्ष कैद र एक लाख ५० हजार रुपियाँ क्षतिपूर्तिको आदेश दियो।

## महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४ सय १६ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र सुर्खेतमा उजुरी दर्ता गराए। जसमा बहुविवाह, कुटपिट तथा घर निकाला गरिएका ३ सय ७६, खान/लाउन नदिएको विवाह दर्ता र नागरिकता नबनाएको २५ उजुरी छन्। यीमध्ये प्रहरीले ३ सय २ वटामा मेलमिलाप गरायो भने ९९ उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ। त्यस्तै १५ वटा मुद्दाको काम हुन बाँकी रहेको महिलाले महिला तथा बालबालिका सेवा केन्दकी वरिष्ठ सई संगीता रसाइलीले बताइन्।

यो वर्ष सुर्खेत जिल्लामा बलात्कारका घटनामा १२ र घरेलु हिंसाका घटनामा ६२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

## स्वास्थ्य सेवाको अवस्था

प्रदेशको राजधानीसमेत रहेको पश्चिम सुर्खेतका केही नागरिकहरूलाई आधारभूत स्वास्थ्य सेवाले छुन सकेको छैन। सुर्खेतमा एक प्रदेश अस्पताल, तीन ओटा प्राथमिक स्वास्थ्य केन्द्र, तीन ओटा अस्पताल र ४७ ओटा स्वास्थ्य चौकी रहेका छन्। त्यस्तै ४५ ओटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, सात शहरी स्वास्थ्य एकाइ, ३३ सामुदायिक स्वास्थ्य सेवा केन्द्र रहेका छन्। त्यहाँबाट ९८ प्रकारका औषधी निशुल्क पाउने सरकारी नीति छ।

स्वास्थ्य संस्थामा निशुल्क पाइने औषधीको सङ्ख्या निकै कम छ। करिब ४० प्रकारको औषधी मात्रै पाइन्छ। यस वर्ष ५ सय ३९ बालबालिकामा कुपोषणको समस्या देखिएको जिल्ला जनस्वास्थ्य कार्यालय सुर्खेतले जनाएको छ। कुपोषण भएका बालबालिकामा पुड्कोपन, कमतौल, रक्तअल्पता जस्ता समस्या देखिएका छन्। प्रदेश अस्पताल र स्वास्थ्य केन्द्रमा स्वास्थ्य बीमाको प्रभावकारी कार्यान्वयन नहुँदा मानिसहरू सेवाबाट वञ्चित हुने गरेका छन्।

**तालिका ५.६.१०.२** सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बाल विवाह | | २ | | २ |
| बेचबिखन तथा ओसारपसार | | | १ | १ |
| विद्यालयमा शारीरिक सजाय | १ | | | १ |
| बलात्कार | | ३ | ११ | १४ |
| जम्मा | १ | ५ | १२ | १८ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| घरेलु हिंसा | ११ | १६ | १ | ३४ | ६२ |
| बलात्कार | | | २ | १० | १२ |
| जम्मा | ११ | १६ | ३ | ४४ | ७४ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | जम्मा |
|---|---|---|
| हत्या | २ | २ |

(स्रोत : इन्सेक, २०२३)